# माई नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## शितली ,इलाम

### नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/२५

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र यस माई नगरपालिकाको आर्थिक ऐन २०७७ तथा नगरकार्यपालिकाको मिति २०७८/०६/१३ को निर्णय अनुसार यस नगरपालिकाको आइ.इ.इ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खन्न गरी माई नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृदि कर दर्ता प्रमाणप्रत्र, आ.व ०७७/७८ को करचुक्ता प्रमाणप्रत्र र नेपाली नागरिकताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुका अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ ।

तपशिल

| सि नं. | सुचना.न/ बोलपत्र.न | बोलपत्रको नाम | उत्खनन् परिमाण | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र VAT बाहेक ) | धरौटि रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | MM/IR/01 /078/79 | माई नगरपालिकाको माई खोला ( माई-लोदिया खोला दोभान दक्षिण, कोदोबारी/बिस्नेटार , चेप्टि क्षेत्र ), लोदिया खोला ( साधुगाउँ पुर्व, मुसेखोला गाउँ पुर्व ) , गरुवा खोला ( गरुवा-माई दोभान ) क्षेत्र भित्र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदिजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री | ८४००० घ.मि. | १,३४,८१,२८०.४९ ( एक करोड चौंतीस लाख एकासी हजार दुई सय असि र पैसा उनन्पचास मात्र ) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३००० ।- |

१. बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय : २०७८/०७/२५ ,दिनको १:०० बजे

२. बोलपत्र खोलिने मिति,समय र स्थान : २०७८/०७/२५ ,दिउँसो २:०० बजे, न.पा. कार्यालय,सितली,ईलाम

**शर्तहरु :**

१ . फर्महरुको हकमा नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र ,मुल्य अभिवृदिकर दर्ता प्रमाणपत्र ,आ.व ०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सानिमा बैंक शाखा कार्यालय, माईमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता न. **०५२०१००४०००००१३** मा नगद (३०००.००) भौचर जम्मा गरी यस सुचना प्रथम पटक प्रकाश भएको मितिले ३०(तीस) दिन भित्र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यलयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागतजात हरु अपलोड तथा डाउनलोड गर्न सकिने ब्यवस्था रहेको छ। तोकिएको वोलपत्र दस्तुर यस कार्यलयको बैंक खातामा माथि उल्लेखित खा.न. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागतजात साथ सम्लग्न गर्नुपर्ने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। आफुले कबोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यलयको सानिमा बैंक मा रहेको धरौटी खाता नं **०५२०१००२००००००८** जम्मा गरी सोको सक्कल भौचर इ बिडिङ डकुमेन्ट संगै सम्लग्न गर्नुपर्ने छ।

३. रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागतजात हरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे विभिन्न कार्यलयका प्रतिनिधी, निर्माण ब्यबसायी वा निजले तोकेका प्रतिनिधी हरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाँधा पर्ने छैन।

४. बोलपत्र सम्बन्धी जानकारी लिनुपरेमा यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी ,रित नपुगी वा शर्त रहित पेश हुन आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाँध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

५ . ठेक्का कबोल रकम एकमुष्ट सुरुमै बुझाएमा १० प्रतिशत छुट दिइनेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ।

७. सुक्रबारे-सुखानी कालोपत्रे कार्य संचालनमा रहेकोले बैकल्पिक मार्ग समेत प्रयोग गर्नुपर्ने।

विस्तृत जानकारीको लागि यस कार्यलयको वेवसाइट www.maimun.gov.np मा समेत हेर्न सकिने छ।

माई नगरपालिका
२०७२

**नदीजन्य पदार्थहरु उत्खन्न ,सङकलन विक्री वितरण गर्ने शर्तहरु :**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ घाटगदी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खन्न तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खन्न सङकंलन गरी घाटगदी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरुपालना भए नभएको सम्बन्धमा अनुगमन समिति वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्ने दायित्व सम्बन्धीत ठेकेदारको हुनेछ।

३. बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोंल अङकको ५०% रकम यस कार्यलयको बैक खातामा पेश गर्नुपर्नेछ र बाकी रकम मध्ये ३०% पौष मसान्त र २०% चैत्र मसान्त सम्ममा बुझाइसक्नुपर्ने छ। साथै यस कार्यालयको नाम बाट २०७९ असार मसान्तसम्म म्याद रही जारी गरेको ५०% रकम बराबरको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । फर्म आफुले कबोंल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमाअनुसार १३ प्रतिसत भ्याट रकम समेत यस कार्यलयमा बुझाउनुपर्नेछ ।

४. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खन्न क्षेत्र तथा उत्खन्न परिमाणका सन्दर्भमा स्थानिय सरकार सचांलन ऐन २०७४ ,प्रदेश कानुन तथा वातावरणिय अध्ययान प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङगको रुपमा रहनेछ ।

५. यस ठेक्का सम्झौतामा उल्लेख गरिएका क्षेत्र बाहेक नदीजन्य पदार्थको उत्खन्न,सङकलन तथा बिक्री वितरणको कार्य गर्न पाइने छैन ।

६. बिक्री मुल्य वा दस्तुर ,शुल्क तोकिएको सङकलन केन्द्रमा मात्र उठाउनुपर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।

७. नेपाल सरकार तथा माई नगरपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर ,शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धीत निकायमा बुझाउनुपर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुटा छुटै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कारेलयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

९. बिक्री मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सुची तालिका र शर्तहरुको सहितको होर्डिङ बार्ड कर सङकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नुपर्ने छ ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

११.तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै समयमा ठेक्का सम्झौता तोडन सक्नेछ र सो हानी नोक्सानी बापतको रकम वा बाकी किस्ताको रकमको १० % का दरले ब्याज समेत ठेकेदारबाट असुल उपर गरिने छ।

१२.यस नगरपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल उपर गरिसकेको निर्माण सामाग्रीमा पुन अर्को पालिकाले कर लगाउन पाउने छैन।

१३.प्रचलित ऐन बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संसोधन भएमा संसोधन बमोजिम सम्झौता कार्यन्वयन गर्नुपर्नेछ।

१४.ठेक्का संङकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नुपर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा सङकलन केन्द्र राख्नपर्ने भएमा माई नगरपालिकाको पुर्व स्वीकृत लिएर मात्र राख्नुपर्ने छ।

सङकलन केन्द्र राख्ने स्थान

| क्र.स | ठेक्काको किसिम | सङकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

१५. आ.व २०७७/०७८ को लागि नदीजन्य सामाग्रीमा उत्खन्न ,सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक बर्षको अन्त्यमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गरिने छ।

१६.साधारण नदीजन्य पदार्थको बिक्री बापत नगरपालिकालाई बुझाउनुपर्ने बिक्री शुल्कको विवरण देहायबमोजिम ढाँचामा राखिएको छ।

IEE प्रतिवेदन अनुसार आ.व २०७८/०७९ मा माई नगरपालिका क्षेत्र भित्र बहने खोलाहरुबाट उत्खन्न सङ्कलन गर्न सकिने नदीजन्य सामाग्रीको विवरण

| क्षेत्र | स्थान | वडा नं | अक्षांस | देशान्तर | लम्बाई | चौडाई | उचाई | कबोल रकम (एकमुस्ठ) |
|---|---|---|---|---|---|---|---|---|
| १ | माई लोदिया खोला दोभान दक्षिण | | २६°४५'३६.६९" | ८७°५१'५६.५३" | ५०० | ४० | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | कोदोबारी/बिस्नेटार | | २६°४४’५९.७६” | ८७°५२’१६.०५” | ५०० | ४० | १ | |
| ३ | चेप्टी छेत्र | | २६°४५’२३.३०” | ८७°५२’४.३९” | ४५० | ४० | ०.५ | |
| ४ | ठेवा खोला (बाटोको भाग छाडेर तल माथि) | | २६°४६’२२.८८” | ८७°४९’४५.५०” | ३५० | २५ | १ | |
| ५ | कपरसुका खोला (बाटोको भाग छाडेर तल माथि) | | २६°४६’१५.७०” | ८७°५०’१५.४४” | २०० | १२ | १ | |
| ६ | साधुगाउँ पुर्व | | २६°४७’१७.८०” | ८७°५३’४३.८३” | ५०० | २५ | १ | |
| ७ | मुसेखोला गाउँ पुर्व | | २६°४६’४५.४७” | ८७°५३’१७.५५” | ३०० | ३० | १ | |
| ८ | गरुवा-माई दोभान (गरुवा तर्फ) | | २६°४५’४.२०” | ८७°५२’३९.३९” | ४५० | ३० | १ | |

१७.सामान्य निर्माणमुखी नदिजन्य उत्खन्न सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवको तथा रुपान्तरणकारी आयोजनालाई प्राथमिक्ता दिइनुपर्ने छ।

१८.नदिजन्य पदार्थहरुको उत्खन्न गर्दा वातावरणमा प्रतिकुल प्रभाव पार्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन।

१९.ठेकेदारले यस सम्झौतामा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन गरिनेछ। सो अनुगमनबाट तोकिएका शर्तहरु उल्लंघन गरेको पाइएमा कार्यालयले जुनसुकैबेला ठेक्का सम्झौता तोडन सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुनेछैन।

२०.साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खन्न स्थलसम्म जानेबाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ। सो बापतको रकम नगरपालिका समक्ष दाबी गर्न पाइने छैन।

२१.साधारण निर्माणमुखी पदार्थ उत्खन्न र सङकलन गर्दा भौतिक,जैविक ,सामाजिक ,आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुङा ,गिटी,बालुवा आदि सङकलन तथा ढुवानी गर्नुपर्नेछ।

२२.उत्खन्न गर्दा नजिक रहेको बस्ती,बन ,खोलानालाको किनारा ,घाटलाई कुनै हानी नोक्सानी नहुने गरी र सर्वसाधरण जनताको घरजग्गा ,कुलो ,बाधँमा क्षति नहुने गरी उत्खन्न गर्नु पर्नेछ।

२३.कल्भर्ट,सडक,बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैस्थल बाट दुवैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रीहरु उत्खन्न गर्न पाइने छैन।

२४.मुख्य मार्गबाट बोल्डर ,ग्राभेल,बालुवा उत्खन्न गर्ने स्थानसम्म जाने आउने बाटो निर्माण कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धीत जग्गाधनीको मन्जुरीमा लिनुपर्ने छ र वन क्षेत्र भएमा वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्ने छ।

२५.ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति २०७८ जेष्ठ मसान्तसम्म बिहानदेखि बेलुका सम्म माई नगरपालिकाले निर्धारण गरे बमोजिम सम्म मात्र उत्खन्न तथा सङकलन को समय अवधी हुनेछ।

२६.उत्खन्न तथा सङकलन कार्यमा हेभी इकुमेन्ट प्रयोग गर्नु परेमा वातावरणिय प्रतिवेदनले तोकेबमोजिम हुनेछ।

२७.ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालबस्तु उठाई अन्यन्त्र लगी स्टक गरेको पाइएमा यस्तो मालबस्तुको दस्तुर  वा शुल्क जुनसुकै स्थानबाट ठेकेदारले उठाउन सक्नेछ।

२८.उत्खन्न गर्ने स्थानमा खटिने  कामदार तथा कर्मचारीको सुरक्षा सामाग्री तथा औजार ठेकेदार  स्वंयमले गर्नुपर्ने

# ठेक्का सम्झौता फारम

लिखितम …………. नाती ……छोरा………जिल्ला………..नगरपालिका वडा न ……….स्थानिय घर भई हाल ……….नगरपालिका वडा नं ………..मा बसोबास गर्दै आएको बर्ष………..को ……….लले तपशिल बमोजिमको क्षेत्रमा ………ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यलयबाट प्रकाशित गरिएको मिति ……को ठेक्का नं को सुचना बमोजिम ढुङ्गा ,गिट्टी र वालुवा उत्खन्न् सङ्कलन तथा बिक्री वितरणको लागि तपाँई समेतले पेश गर्नुभएको बोलपत्र मुल्याङकन गर्दा आ.ब ……….का लागि …..रु …….(मु अ कर बाहेक) मा तपाईसँग ठेक्का सम्झैता गर्न मिति ……मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपशिलका शर्तहरुबमोजिमका क्षेत्रहरुमा…………..नगरपालिकाको तर्फबाट आय सङंकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु। तपशिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपरी कामकाज गरी मित …. मा यस कार्यालयलाई ……प्रतिशत छुट पाउने रकम कटाई सम्पुर्ण किस्ताको रकम एकमुष्ट रु ……….(मु अ कर बाहेक) बुझाई मिति ……..सम्म आ.ब…….. को लागि ठेक्का चलाउनेछु। पछि मैले गरेको समझौता उपर कुनै कुरा उजुर गर्ने छैन। गरे यसे कागतजात बाट बदर गरिदिनुभनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखि यस कार्यलयमा बुझाएको छु ।

<u>तपशिल</u>

१. यस सम्झौतापत्रमा उल्लेख गरिएबमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.ब ……. का लागि …….प्रतिशत छुट पाउने रकम कटाई सम्पुर्ण किस्ताको रकम एकमुस्ट रु ………..( मु अ कर) बाहेक प्रथम किस्ताको रकम रु…......(मु अ कर बाहेक) बुझाई ……….गते देखि…………सम्मको लागि प्रचलित कानुनको अधिनमा रही ………..आय सङ्कलन गर्ने छु।

२. उक्त आय सङकलन गर्नका लागि नगरपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सुचीका मालबस्तुमा सोही सुचीमा तोकिए बमोजिमको दरमा बिक्री मुल्य सेवा शुलरक वा दस्तुरको रुपमा आय सङकलन गर्ने गरी नगरपालिका…….लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ताको रकम बुझाएको छु।

३. सो आय सङकलन गर्न नगरपालिकाबाट निर्धारण भएको बस्तुमा तोकिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क ,दस्तुर इत्यादि थप गरी लिनै टेन र ….नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अन्यथा अनाधिकृत असुल उपर गरेको पाइएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मन्जुर छ।